श्री अरूण गाउँपालिका

न्यायिक समिति

संयोजक श्री विनिता ढकाल

सदस्य श्री कुमार कार्की

सदस्य श्री गणेशकुमार राई

फैसला

सम्बत ०८२/०८३ सालको मुद्दा नं. ०१

| | |
|---|---|
| जिल्ला भोजपुर साविक जरायोटार गा.वि.स. वडा नं. १ भई हाल परिवर्तित ऐ. अरुण गाउँपालिका वडा नं. ६ बस्ने स्व. पहलमान बिश्वकर्माको नाती, हरिवहादुर बिश्वकर्माको छोरा वर्ष ३६ को कुलवहादुर शंकर....................१<br>ऐ. ऐ. बस्ने पूर्णवहादुर राईको नाती, दलवहादुर राईको छोरा वर्ष ४२ को अग्नीजित राई....................१<br>ऐ. ऐ. बस्ने श्रीमान बिश्वकर्माको नाती, कालि बिश्वकर्माको छोरा वर्ष ४२ को चन्द्रवहादुर बि.क. ....................१<br>ऐ. ऐ. बस्ने नरवहादुर राईको नाती कर्णवहादुर राईको छोरा वर्ष ३४ को देवराज राई....................१<br>ऐ. ऐ. बस्ने बहादुर बिश्वकर्माको नाती खड्गवहादुर बिश्वकर्माको छोरा वर्ष ३६ को रामकुमार बिश्वकर्मा....................१ | पहिलो पक्ष/ वादी |

विरूद्ध

| | |
|---|---|
| जिल्ला भोजपुर साविक जरायोटार गा.वि.स. वडा नं. १ भई हाल परिवर्तित ऐ. अरुण गाउँपालिका वडा नं. ६ बस्ने सुकवहादुर राईको नाती, रामवहादुर राईको छोरा अं. वर्ष ६१ को धनकृष्ण राई....................१<br>ऐ. ऐ. बस्ने बीरवहादुर राईको नाती बमवहादुर राईको छोरा अं. वर्ष ४५ को प्रेमकुमार राई....................१ | दोस्रो पक्ष/ प्रतिवादी |

मुद्दाः- **खानेपानी (पानीघाटको बाँडफाँट) ।**

अदालतबाट बुझेको

वादीको साक्षीः- प्रतिवादीको साक्षीः-

साक्षीः-

कागजः-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(१) बमोजिम यस न्यायिक समितिको क्षेत्राधिकारभित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-

**संक्षिप्त तथ्य**

१. जिल्ला भोजपुर अरूण गाउँपालिका वडा नं. ६ को सार्वजनिक खोलामा रहेको दहाल कुवाको पानी हामीले परापूर्व कालदेखि खानेपानी खाँदै आएकोमा २०७६ सालमा अरूण गाउँपालिका ६ नं. वडा कार्यालयबाट रू.१,५०,०००।- बजेट तथा रिजर्भ ट्याङ्कीसम्म लाग्ने २० mm को पाइप प्राप्त भई स्थानीयवासीको श्रमदानमा १५ हजार लिटर क्षमता भएको पक्की ट्याङ्की बनाई खानेपानी उपभोग गर्दै आइरहेकोमा मिति २०८२।०३।२४ गतेको दिन बिपक्षी/प्रतिवादीहरू धनकृष्ण राई र प्रेमकुमार राईले मुहानबाट इन्टेकमा जाने पाइप थुति, तानि फ्याँकिदिई वहाँहरूको जग्गामा लगाएको एभोकाडो र रूद्राक्षको बिरूवामा पानी लगाउनु भएकोले निज विपक्षीहरूको कार्य कानून विपरित भएकोले निजहरूलाई कानून बमोजिम कारबाही गरिपाऊँ भन्ने समेत बेहोराको फिरादपत्र ।

२. दहाल कुवाको पानीको उपयोगको बारेमा ६ नं. वडा कार्यालयको सहजिकरणमा सहमति भएता पनि वादीहरूको तर्फबाट सहमति उल्लंघन भएकोले मिति २०८२/१/१७ गतेका दिन वडा अध्यक्षको रोहबरमा लिखित रूपमा सहमती भएको हो । सो शर्तमा खानेपानीको वैकल्पिक व्यवस्था हुनसाथ दाहाल धारा कुवाको पानी खेत बारीमा सिँचाई लगायत खेतीपातीमै उपयोग गर्ने थियो । हाल वैकल्पिक खानेपानीको व्यवस्था भइसकेको हुँदा हामीले सिँचाई, खेतिपातिमा पुनः प्रयोग गर्न थालेको हो । मुलुकी देवानी संहिता, २०७४ को दफा ३७९ बमोजिम हाम्रो जग्गामा भएको पानी हाम्रो उपभोग र उपयोगमा रहेको तत्काल वा भविष्यमा हस्तान्तरण गर्न मञ्जुरी छैन विपक्षी/वादीहरूसँग विगतमा भएका मौखिक, लिखित तथा अलिखित सम्पूर्ण शर्त, सहमति लगायत सबै शर्तका बुँदाहरू समेत खारेज हुनेगरी न्याय निरोपण गरिपाऊँ भन्ने समेत बेहोराको प्रतिउत्तर पत्र ।

३. यस गाउँपालिकामा हाल मेलमिलाप केन्द्र गठन भै नसकेकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ तथा मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा १५ बमोजिम दुवै पक्षलाई न्यायिक समितिमा राखी छलफल गराउँदा दुवै पक्षको माग बमोजिम स्थलगत अनुगमन, अवलोकनको लागि जनप्रतिनिधी, न्यायिक समितिका पदाधिकारी तथा प्राविधिक कर्मचारी समेत जाने न्यायिक समितिको मिति २०८२/४/२९ गतेको आदेश ।

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ तथा मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा १५ बमोजिम आज मिति २०८२/५/१५ गते दुवै पक्षलाई स्थलगत रूपमै छलफलको राखी छलफल गर्दा दुवै पक्ष ३ (तीन) वुँदे सहमतिमा मेलमिलाप गर्न मञ्जुर भएको देखिँदा दुवै पक्षलाई मेलमिलापको लागि अर्को तारिक तोकी न्यायिक समितिमा बोलाउनू भन्ने मिति २०८२/५/१५ गतेको आदेश ।

५. मिति २०८२/५/१८ गते दुवै पक्षलाई न्यायिक समितिमा छलफलको राखी छलफल गर्दा प्रतिवादीहरूले पहिले भएको ३ (तीन) वुँदे सहमतिमा मेलमिलाप गर्न मञ्जुर छैनौं भनि मौखिक रूपमा आफ्नो कुरा व्यक्त गरेको हुँदा दुवै पक्षलाई पुनः छलफलको लागि बोलाउनू भन्ने मिति २०८२/५/१८ गतेको आदेश ।

६. २०८२ साल असोज ९ गतेको दिन छलफलको लागि तारिक तोकिएकोमा हामी दुबै पक्ष बसि छलफल गर्दा मेलमिलाप हुन नसकेकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९(२) बमोजिम मुद्दाको कारबाही अगाडी बढाइदिनु हुन सादर अनुरोध गर्दछौं भन्ने बेहोराको मिति २०८२/६/९ गतेको संयुक्त निवेदन ।

७. मुद्दाका दुबै पक्षलाई न्यायिक समिति समक्ष मेलमिलापको लागि विभिन्न मितिमा छलफलको लागि तारिक तोकि पकट पटक छलफल गराउँदा समेत मेलमिलापको प्रक्रियाबाट विवाद टुङ्गो लाग्न नसकेको सोही बेहोरा जनाई दुवै पक्षबाट संयुक्त निवेदन पेश गरेको हुँदा मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा १७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफ ४९(२) बमोजिम विवाद समाधानका बाँकी प्रक्रिया अगाडी बढाउनु भन्ने मिति २०८२/६/९ गतेको आदेश ।

८. मिति २०८२ साल असोज २० गतेको दिन साक्षीको बकपत्रको लागि तारिक तोकिएकोमा उक्त दिन सार्वजनिक विदा परी कार्यालय बन्द रहन गएकोले आज मिति २०८२ साल असोज २१ गते हाम्रो साक्षीहरू लिई उपस्थित भएका छौं । अड्डाकै तर्फबाट साक्षीको बकपत्र गराइपाऊँ भन्ने बेहोराको वादी र प्रतिवादी पृथक पृथक निवेदन ।

९. वादीहरूले दहाल कुवाको खानेपानी २०७३ सालदेखि उपभोग गर्दै आइहेकोमा मिति २०७५/३/२६ गते ६ नं. वडा कार्यालयको रू.३५,०००।- बजेटबाट खानेपानी पाइप बिस्तार हुँदा समितिको अध्यक्ष प्रतिवादीका साक्षी धर्मराज राई हुनुहुन्थ्यो भने ६ नं. वडा कार्यालयबाटै २०७६ सालमा खानेपानीको लागि रू.१,५०,०००।- विनियोजन भई टयाङ्की निर्माण गर्दा अनुगमन समिति संयोजकमा प्रतिवादी प्रेमकुमार राई नै हुनुहुन्थ्यो । उक्त पानी उपभोक्ताहरूलाई प्रतिवादीहरूले खानेपानीको रुपमा दिनुपर्छ भन्ने समेत बेहोराको वादीका साक्षी गोविन्दबहादुर बिश्वकर्माको पाना ३ को बकपत्र ।

१०. दहाल कुवाको खानेपानी उपभोक्ताहरूले २०७३ साल देखि खाँदै आएका हुन्, मिति २०८२/३/२४ को दिन प्रतिवादी धनकृष्ण राईले दहाल कुवाको मुहानबाट इन्टेकमा

आउने पानीको पाइप थुति मिल्काइदिएको कुरा हरिवहादुर बिश्वकर्माले मलाई भनि सुनाएको हुँदा सुनि थाहा पाएको हुँ भन्ने बेहोराको प्रतिवादीका साक्षी धर्मराज राईको पाना ४ को वकपत्र ।

११. दहाल कुवाको खानेपानी २०७३ सालदेखि जग्गाधनीहरूले उपभोक्ताहरूलाई दिँदै आएको हो । दहाल कुवाको खानेपानीले खानलाई अपुग भएको कारण सापाखोलाबाट पनि खानेपानीको रूपमा २०७७ सालदेखि ल्याई एक घर एक धाराको रूपमा हाल उपभोग गर्दै आइरहेकोमा उक्त पानी सबै उपभोक्ताको घरमा पर्याप्त मात्रामा पुग्ने भएकोले दहाल कुवाको खानेपानी साविकको उपभोक्ताहरूलाई जग्गा धनीहरूले दिनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादीको साक्षी महेन्द्रकुमार राईको पाना ३ को बकपत्र ।

१२. विवादित पानीको मुहान सार्वजनिक वा निजी जग्गा के मा रहेको छ । नापजाँच गरी विवादित पानीको मुहान टुङ्गो लगाउन गाउँपालिकाबाट अमिन खटाई प्रतिवेदन पेश भएपछि मिसिल सामेल गरी नियमानुसार पेश गर्नू भन्ने मिति २०८२/६/३१ गतेको आदेश ।

१३. जिल्ला भोजपुर अरूण गाउँपालिका वडा नं.६ जरायोटार स्थित सिमखोलाको पूर्व-पश्चिममा सार्वजनिक खोला (सिमखोला), उत्तरमा कि.नं. ५१ को जग्गा र दक्षिणमा प्रतिवादी प्रेमकुमार राईको कि.नं. ५२ को जग्गा यति चारकिल्ला भित्र १० (दश) मिटर चौडाइमा पश्चिम-पूर्व हुँदै बग्ने सिमखोला भित्रै रहेको दाहाल कुवाको मुहान कोहि कसै व्यक्तिहरूको निजी तथा आवादी जग्गा भित्र नपरी सार्वजनिक जग्गा खोला (सिमखोला) मा रहेको अवस्था छ भन्ने बेहोराको अमिन डिल्लीराम अधिकारीको मिति २०८२/७/१८ गतेको मुचुल्का (प्रतिवेदन) ।

१४. उक्त विपक्ष/प्रतिवादी सँगको उक्त मुद्दामा तपसिलमा उल्लिखित कागजातहरूको फोटोकपी पेश गर्न ल्याएका छौं । मिसिल संलग्न राखी प्रमाणमा लगाइपाऊँ भन्ने वादी कुलवहादुर शंकर समेतको मिति २०८२/०७/२३ गतेको निवेदन ।

## न्यायिक समितिको ठहर

नियम बमोजिम साप्ताहिक तथा दैनिक पेश सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा वादी तथा प्रतिवादीहरूको मौखिक भनाई समेत सुनी यस न्यायिक समितिले विवादका पक्षहरूलाई मेलमिलापको माध्यमबाट विवाद समाधान तथा मिलापत्र गराउन पटक पटक सक्दो प्रयास गर्दा समेत मिलापत्र हुन नसकेकाले वादी दावी बमोजिम विवादित मुहानको पानी वादीहरूले खान पाउने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

निर्णयतर्फ विचार गर्दा दहाल कुवाको पानी हामी वादी समेतका उपभोक्ताहरूले खानेपानीको रूपमा उपभोग गर्दै आइरहेकोमा मिति २०८२/३/२४ गतेको दिन बिपक्षी

प्रतिवादीहरू धनकृष्ण राई र प्रेमकुमार राईले मुहानबाट इन्टेकमा जाने पाइप थुति, तानिदिई खानेपानी नदिनु भएको हुँदा खानेपानी दिलाइपाऊँ भन्ने फिराद दावी रहेकोमा विवादित खानेपानीको सन्दर्भमा ६ नं. वडा कार्यालयमा भएको सहमति वादीहरूको तर्फबाट उल्लंघन भएकोले मिति २०८२/१/१७ गतेका दिन वडा अध्यक्षको रोहबरमा लिखित रूपमा सहमती भएको हो । हाम्रो उपभोग र उपयोगमा रहेको पानी हस्तान्तरण गर्न मञ्जुरी छैन । विगतमा भएका मौखिक, लिखित तथा अलिखित सम्पूर्ण शर्त, सहमति सबै शर्तका बुँदाहरू समेत खारेज हुनेगरी न्याय निरोपण गरिपाऊँ भन्ने समेत बेहोराको प्रतिउत्तर जिकिर रहेको देखियो ।

मिति २०८२/१/१७ गते ६ नं. वडा कार्यालयमा वडा अध्यक्ष श्री गणेशकुमार राईको रोहबरमा राज कुमार राई र प्रेमकुमार राईको खेतको बिचमा रहेको पानीको मुहानमा दोस्रो पटक विवाद भएकोले आमभेला वसि छलफल गर्दा आगामी दिनमा फेरी खानेपानी विवाद भएमा जग्गा धनी/खेतिवालाहरूले उक्त खानेपानी नदिने, कसैलाई पनि गाली गलौज नगर्ने, व्यक्तिगत रूपमा कोही कसैसँग झैंझगडा गरेपनि यो खानेपानीमा समस्या नल्याउने भनि जग्गाधनीहरू र खानेपानी उपभोक्ताहरू बिच सहमती भएको देखियो ।

जिल्ला भोजपुर अरूण गाउँपालिका वडा नं.६ जरायोटार स्थित सिमखोलाको पूर्व-पश्चिममा सार्वजनिक खोला (सिमखोला), उत्तरमा कि.नं. ५१ को जग्गा र दक्षिणमा प्रतिवादी प्रेमकुमार राईको कि.नं. ५२ को जग्गा यति चारकिल्ला भित्र १० (दश) मिटर चौडाइमा पश्चिम-पूर्व हुँदै बग्ने सिमखोला भित्रै रहेको दाहाल कुवाको मुहान कोहि कसै व्यक्तिहरूको निजी तथा आवादी जग्गा भित्र नपरी सार्वजनिक जग्गा खोला (सिमखोला) मा रहेको अवस्था छ भन्ने अमिन डिल्लीराम अधिकारीको मिति २०८२/७/१८ गतेको मुचुल्का (प्रतिवेदन) बाट देखियो ।

जलस्रोत ऐन, २०४९ को दफा ७ को उपदफा (१) मा जलस्रोतको उपयोगलाई प्राथमिकताक्रम अनुसार (क) मा राखिएको छ भने सिँचाइलाई प्राथमिकताको (ख) अथवा दोस्रो नम्बरमा राखिएको अवस्था छ । मुलुकी देवानी संहिता, २०७४ को दफा ३७९ बमोजिम कसैको जग्गामा उत्पत्ति भएको वा सो बाट बगेको खोला, नदी वा पोखरीको पानी सम्बन्धित धनीलाई पुगेपछि खानेपानी वा सिँचाईको प्रयोजनको लागि जोसुकैले पनि प्रयोग गर्न सक्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ । तर दाहाल कुवाको मुहान कोहि कसै व्यक्तिहरूको निजी तथा आवादी जग्गा भित्र नपरी सार्वजनिक जग्गा खोला (सिमखोला) मा पर्ने भन्ने अमिन डिल्लीराम अधिकारीको मुचुल्का (प्रतिवेदन) देखिन्छ । अतः मुलुकी देवानी संहिता, २०७४ को दफा ३७९ बमोजिमको प्रतिवादीहरूको प्रतिउत्तर जिकिर पुग्न सक्दैन । फिराद दावी बमोजिम पहिलो पक्ष/वादी तथा खानेपानी उपभोक्ताहरूले दहाल कुवाको पानी खानेपानी र घरेलु उपयोगको लागि प्रयोग गर्न पाउने ठहर्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९(२) बमोजिम प्रस्तुत मुद्दा फैसला गरिदियौं । अन्य कुराको हकमा तपसिल बमोजिम गर्नू ।

## तपसिल

- माथि ठहर खण्डमा वादी दावी पुग्ने गरी फैसला भएकोले फैसला कार्यान्वयनको लागि कार्यपालिकालाई सो को जानकारी दिनू..........................................................१
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५० बमोजिम न्यायिक समितिबाट विवादको निर्णय भएको मितिले पैतीस दिनभित्र सम्बन्धित पक्षलाई सो निर्णयको प्रमाणित प्रतिलिपी उपलब्ध गराई जानकारी दिनू..........................................................२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५१ बमोजिम यो निर्णयमा चित्त नबुझे ३५ दिनभित्र भोजपुर जिल्ला अदालतमा पुनरावेदन गर्न जानू भनि प्रतिवादीलाई पुनरावेदनको म्याद दिनू..........................................................३
- सरोकारवाला व्यक्तिले फैसला सहितको नक्कल माग गरे नियमानुसार लाग्ने दस्तुर लिई नक्कल दिनू..........................................................४
- प्रस्तुत मुद्दा प्रमाणिकरण भएको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरी आफ्नो वेवसाइटमा समेत राख्नू..........................................................५
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी दायरीबाट लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू..........................................................५

.....................
संयोजक

उक्त रायमा हाम्रो सहमती छ।

.....................
सदस्य

.....................
सदस्य

प्रस्तुत पाना १० को फैसला न्यायिक समितिका संयोजक ज्यु, सदस्य ज्यूहरूले टिपाउनु भए बमोजिम टिपी कम्प्युटर टाइपं गर्ने उजुरी प्रशासक श्यामकुमार राई
प्रमाणिकरण मितिः- २०८२/८/२४

ईति सम्वत २०८२ साल कार्तिक २३ गते रोज १ शुभम्..........................................................